# ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना

## बार्षिक प्रगति पुस्तिका

## (आ.व २०७७/७८)




नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना

आयोजना निर्देशकको कार्यालय

२०७८

# आयोजनाको संक्षिप्त विवरण

## १. परिचय

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाले ग्रामीण उद्यमशिलता विकासलाई प्रोत्साहित गर्नका लागि प्रमुख आर्थिक कोरिडोर क्षेत्रका साना कृषि उत्पादकहरु तथा खरिदकर्ताहरु बिचमा उत्पादनमूलक साझेदारी (Productive Partnership) तथा बजार सम्बन्धको विकास मार्फत बजार पहुँच सुदृढ गर्न सहजिकरण गर्नेछ । आयोजनाले आवश्यक नीतिगत खाका, आवश्यक संरचनाहरु निर्माण र क्षमता विकास लगायत अन्य सहयोगी सेवाहरु मार्फत उपयुक्त उद्यमशिलताको वातावरण निर्माण गर्न समेत सहयोग पुऱ्याउनेछ । उत्पादनमूलक साझेदारीलाई प्रवर्द्धन गर्ने उत्कृष्ट व्यवसायिक योजनाहरु (Business Plans) लाई पूरक अनुदान, मागमा आधारित साना कृषि बजार केन्द्रहरु निर्माण, मूल्य श्रृंखला सम्बन्धित आधारभूत संरचनाहरु निर्माण साथै प्रादेशिक बजार निर्माण यसका प्रमुख लगानीका क्षेत्रहरु हुन् ।

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजनाको लक्ष्य** | ग्रामीण बजार पहुँच सुदृढ गर्ने, उद्यमशील वातावरण निर्माण गर्ने र कोभिड-१९ को असरबाट पुनरोत्थानका लागि रोजगारीका अवसरहरू सिर्जना गर्ने |
| **आयोजना सम्झौता मिति** | २१ डिसेम्बर २०२० (२०७७ पुष ६) |
| **आयोजना प्रभावकारी भएको मिति** | १९ मार्च २०२१ (२०७७ चैत्र ६) |
| **आयोजना समाप्ती मिति** | १५ जुलाई २०२५ (२०८२ आषाढ ३१) |
| **आयोजना अवधि** | सन् २०२१ - २०२५ सम्म (५ वर्ष ) |
| **आयोजनाको कुल लागत (मिलियन अमेरिकी डलर)** | १२० (दातृ निकाय: ८०, लाभग्राहीको योगदान: ४०) |
| **दातृ निकाय** | विश्व वैक |
| **आयोजना कार्यान्वयन निकाय** | नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| **आयोजना लागू हुने प्रदेश संख्या** | ६ (प्रदेश नं १, प्रदेश नं २, वागमती, गण्डकी, लुम्बिनी, सुदूरपश्चिम) |
| **आयोजना कार्यान्वयन हुने आर्थिक कोरिडोर** | मध्य पहाडी लोकमार्ग, हुलाकी राजमार्ग, पूर्व पश्चिम राजमार्ग, भालुवाङ-रोल्पा राजमार्ग, महाकाली राजमार्ग |
| **आयोजना लागू हुने पालिका संख्या** | १७१ |
| **आर्थिक कोरिडोर कार्यालय संख्या/रहने स्थान** | ४ (पाख्रिबास, बर्दिबास, बुटवल, डडेल्धुरा) |

## २. आयोजनाको मूख्य नतिजा सूचकहरु

| सूचकहरु | लक्ष्य |
|---|---|
| आयोजनाका कृयाकलापहरुबाट प्रत्यक्ष लाभान्वित कृषक (संख्या) | २४००० (कम्तीमा ९६०० महिला) |
| साना तथा मझौला उद्यम तथा कृषि प्रविधि Start Up फर्महरुको क्षमता अभिबृद्धि | १०० वटा (कम्तीमा २० महिला) |
| उत्पादक संस्थाहरूको उत्पादनशील साझेदारी अन्तर्गत बिक्रीको औसत मूल्यमा वृद्धि (%) | २० (महिला संस्थाहरुको हकमा ३५) |
| कोभिड १९ संग सम्बन्धित कार्यक्रमहरु सञ्चालनबाट अल्पकालिन रोजगारी श्रृजना (सँख्या) | ५७०० (कम्तीमा २८५० महिला ) |

३. आयोजनाका संभागहरु

- संभाग १: ग्रामीण उत्पादनमूलक साझेदारी मार्फत कृषकहरुको बजार आवद्धता सुनिश्चित गर्ने
- संभाग २: संघीय संरचनामा उद्यमशीलताको वातावरण सुदृढ बनाउने
- संभाग ३: कोभिड १९ का कारण अवरुद्ध खाद्य आपूर्ती शृंखला र ग्रामीण अर्थतन्त्रलाई पूनर्स्थापित र मजबुत गर्ने
- संभाग ४: आयोजना व्यवस्थापन
- संभाग ५: आकस्मिक आपतकालीन प्रतिकार्य

## ४. सम्भाग अनुसार संचालन हुने मुख्य मुख्य कार्यक्रमहरुः

| संभाग | | कार्यक्रमहरु |
|---|---|---|
| सम्भाग १ | ग्रामीण उत्पादनमूलक साझेदारी मार्फत कृषकहरुको बजार आवद्धता सुनिश्चित गर्ने | • समूहगत पहलमा व्यक्तिगत वा सामूहिक उद्यम विकासमा सहजिकरण<br>• उत्पादनको बजार सुनिश्चितताका लागि उत्पादक संस्था र व्यापारी बीच उत्पादनमूलक साझेदारी निर्माण सहजिकरण<br>• समूह, उद्यमी, सहकारीहरुको क्षमता अभिवृद्धि<br>• कृषक समुह, सहकारीहरुमा उद्यम विकासका लागि पुरक अनुदान |
| सम्भाग २ | संघीय संरचनामा उद्यमशीलताको वातावरण सुदृढ बनाउने | |
| सम्भाग २ क | प्रादेशिक तथा स्थानीय सरकार एवं सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने | • आवश्यकता पहिचान सर्वेक्षण प्रतिवेदनको आधारमा क्षमता अभिवृद्धि<br>• प्रादेशिक तथा स्थानीय तहका कृषि निकायहरुको क्षमता अभिवृद्धि<br>• कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका निकायहरुको क्षमता अभिवृद्धि<br>• प्राङ्गारिक प्रमाणीकरण तथा खाद्य सुरक्षा कार्यविधि निर्माणमा सहयोग |
| सम्भाग २ ख | कृषिसंग सम्बन्धित संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने | • कृषि व्यवसायमा सङ्गलग्न साना तथा मझौला उद्यम (SMEs) एवम् कृषि सूचना प्रविधि प्रवर्द्धक (Agri tech Start up) हरुलाई Business Incubation सहयोग<br>• SMEs तथा Agri tech Start up हरुलाई Business Coaching र क्षमता अभिबृद्धि |
| सम्भाग ३ | कोभिड १९ को असहज परिस्थितबाट अवरूद्ध खाद्य श्रृंखला तथा ग्रामीण अर्थतन्त्रको पुनर्स्थापना तथा मजबुत गर्ने | • साझेदारीमा पालिकास्तर कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण<br>• साझेदारीमा मागमा आधारित मूल्य श्रृंखला पूर्वाधार निर्माण<br>• साझेदारीमा प्रादेशिक कृषि बजार केन्द्र तथा मूल्य श्रृंखला पूर्वाधार निर्माण<br>• निर्माण कार्यमा कोभिड प्रभावितका लागि Cash for work पद्धतिमा कार्यक्रम सञ्चालन |
| सम्भाग ४ | आयोजना व्यवस्थापन | • आयोजना कार्यालयहरु स्थापना र व्यवस्थापन<br>• आयोजानबाट संचालित कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन<br>• आयोजना लागू भएका गाँउपालिकाहरु तथा प्रदेशहरुसंग समन्वय तथा सहकार्य<br>• आयोजना सरोकारवाला निकायहरुसंग समन्वय<br>• आयोजनाको प्रगति समीक्षा गोष्ठी, रिर्पोटिङ्ग तथा मिसन व्यवस्थापन<br>• सूचना प्रविधिमा आधारित व्यवस्थापन प्रणाली (MIS) को विकास तथा सञ्चालन |
| सम्भाग ५ | आकस्मिक आपतकालीन प्रतिकार्य | • स्वास्थ्य तथा अन्य प्राकृतिक सङ्कटकालको समयमा अन्य सम्भाग वा दातृ निकायबाट थप बजेट व्यवस्थापनका लागि राखिएको शुन्य बजेट सम्भाग |

## ५. आयोजनाको कार्यक्षेत्र

निम्न ५ मुख्य राजमार्गका प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेश भित्र पर्ने खण्डलाई आयोजनाको आर्थिक कोरिडोर मानी उक्त कोरिडोरले छुने १७१ स्थानीय तहहरु आयोजनाको कार्यक्षेत्र रहनेछन् । उक्त कार्यक्षेत्रमा ४ वटा आर्थिक कोरिडोर कार्यालयहरु मार्फत आयोजनाका कार्यक्रमहरु सन्चालन हुनेछ ।

| आर्थिक कोरिडोर | प्रदेश | जिल्ला संख्या | पालिका संख्या | आर्थिक कोरिडोर कार्यालय |
|---|---|---|---|---|
| **मध्य पहाडी लोकमार्ग** | प्रदेश नं. १ | ७ | २२ | **पाख्रिबास** |
| | बाग्मती | ६ | १८ | |
| **मध्य पहाडी लोकमार्ग** | गण्डकी | ५ | २१ | **बुटवल** |
| **भालुवाङ-रोल्पा लोकमार्ग** | लुम्बिनी | ४ | ९ | |
| **हुलाकी राजमार्ग** | प्रदेश नं. २ | ८ | ८४ | **बर्दिबास** |
| **पूर्व पश्चिम राजमार्ग** | | | | |
| **महाकाली राजमार्ग** | सुदुरपश्चिम | ५ | १७ | **डडेल्धुरा** |
| **जम्मा** | | **३५** | **१७१** | |

## ६. आयोजनाका लाभग्राहीहरु:

आयोजनाले लक्षित गरेका समुह/सहकारी/संघहरु जस्ता उत्पादनमूलक संगठनमा आवद्ध लगभग ९४० उत्पादनमूलक संगठनहरु र यसमा आवद्ध करिब २४ हजार ग्रामीण उत्पादक एवं साना कृषकहरु (३५% महिला) ले आयोजनाको साझेदारी सहयोग (५०% शुरुवाती पूँजी) प्राप्त गर्न सक्नेछन् । यसैगरि आयोजनाले मध्यस्तकर्ता संस्था मार्फत करिब १०० साना तथा मझौला कृषि उद्यमी/व्यवसायी/कृषि सूचना प्रविधि प्रवर्द्धकको क्षमता विकासमा सहयोग पुर्याउनेछ । प्रादेशिक तथा स्थानीय तहमा निर्माण हुने कृषि विकास सम्बन्धि संरचनाहरु, मूल्य शृंखला विकास पूर्वाधारहरुबाट समुदायका करिब ३५०० व्यक्तिहरु लाभान्वित हुनेछन भने कोभिड-१९ प्रभावित करिब ५७०० व्यक्तिका लागि ग्रामीण रोजगारीको अवसर सृजना हुनेछ । आयोजना कार्यक्षेत्रका ८० वटा स्थानीय तह र ६ वटा प्रदेशहरुमा संघीय संरचना अनुसार संस्थागत क्षमता विकासमा समेत आयोजनाले सहयोग पुर्याउनेछ ।

**PROJECT RESULTS**






# ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना

## आयोजनाको जानकारीमूलक पुस्तिका

## परिचय

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, नेपाल सरकार र आई.डी.ए (International Development Association) बिच २१ डिसेम्बर २०२० तदनुसार वि.सं. २०७७ साल पौष ६ मा सम्झौता सम्पन्न भई कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत कार्यान्वयनमा आएको छ । विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा वि. सं. २०७७ देखि ५ बर्षका लागि सञ्चालन हुने यस आयोजनाले ग्रामीण उद्यमशिलता विकासलाई प्रोत्साहित गर्नका लागि ६ वटा प्रदेशका ५ प्रमुख आर्थिक कोरिडोर क्षेत्रका साना कृषि उत्पादकहरुमा बजार पहुँच सुदृढ गर्नका लागि कृषि मूल्य श्रृङ्खला अन्तर्गतका साना उत्पादक समुह/सहकारी/संघ तथा मध्यस्तकर्ता उद्यमीहरु बीच उत्पादनमूलक साझेदारी (Productive Partnership) तथा बजार सम्बन्धको विकासमा सहजिकरण गरी आफ्ना कार्य गर्नेछ । आयोजनाले कृषि उपजहरुको मूल्य शृंखला विकास र उद्यमशिलता विकासका लागि आवश्यक नीतिगत खाका, आवश्यक संरचनाहरु निर्माण र अन्य सहयोगी सेवाहरु मार्फत उपयुक्त उद्यमशिलताको वातावरण निर्माण गर्न पनि सहयोग पुऱ्याउनेछ । उत्कृष्ट व्यवसायिक योजनाहरु (Business Plans) मा आधारित पूरक अनुदान मार्फत उत्पादनमूलक साझेदारी प्रवर्द्धन, मागमा आधारित साना कृषि बजार केन्द्रहरु, मूल्य श्रृंखला सम्बन्धित आधारभूत संरचनाहरु साथै प्रादेशिक बजारहरु निर्माण यसका प्रमुख लगानीका क्षेत्रहरु हुन् ।

## ३. आयोजना विकास लक्ष्य

उत्पादक समूहहरुलाई ग्रामीण बजार पहुँचका लागि बजार सम्बन्धनको सुदृढिकरण गर्ने, उद्यमशील वातावरणको निर्माण र कोभिड-१९ बाट सिर्जित परिस्थितीको पुनर्स्थापनाका लागि रोजगारीका अवसरहरूको सिर्जना गर्ने यस आयोजनाको मूख्य लक्ष्य रहेको छ ।

## ४. उद्देश्य

उपर्युक्त लक्ष्य हासिल गर्न आयोजनाले निम्न उद्धेश्यहरु लिएको छ ।

- उत्पादनमूलक साझेदारीको माध्यमबाट कृषि बजार श्रृंखला मजबुत गर्ने
- संघीय संरचनामा आवश्यक नीतिगत खाका, उपयुक्त संरचनाहरु र अन्य सहयोगी सेवाहरु मार्फत उद्यमशील वातावरण निर्माण गर्न सहयोग पुऱ्याउने
- कोभिड १९ को असरबाट प्रभावित खाद्य आपूर्ति श्रृंखला सुधार गर्ने र स्थानीय अर्थव्यवस्था सुदृढ गर्ने

## ५. आयोजनाको मूख्य नतिजा सूचकहरु

| सूचकहरु | लक्ष्य |
|---|---|
| आयोजनाका कृयाकलापहरुबाट प्रत्यक्ष लाभान्वित कृषक (संख्या) | २४००० (कम्तीमा ९६०० महिला) |

| | |
|---|---|
| साना तथा मझौला उद्यम तथा कृषि प्रविधि Start Up फर्महरुको क्षमता अभिबृद्धि | १०० वटा (कम्तीमा २० महिला) |
| उत्पादक संस्थाहरूको उत्पादनशील साझेदारी अन्तर्गत बिक्रीको औसत मूल्यमा वृद्धि (%) | २० (महिला संस्थाहरुको हकमा ३५) |
| कोभिड १९ संग सम्बन्धित कार्यक्रमहरु सञ्चालनबाट रोजगारीका अवसरहरुको श्रृजना (सँख्या) | ५७०० (कम्तीमा २८५० महिला ) |

## ६. आयोजनाका संभागहरु

आयोजनाका पाँच सम्भागहरु रहेका छन्। पहिलो सम्भाग अन्तर्गतका कार्यक्रमहरुले वजार आवद्धतालाई सहयोग गर्नेछ भने दोस्रो सम्भागले विद्यमान सघीय प्रणालीमा कृषि उद्यम प्रयावरणलाई वढावा दिनेछ। त्यसै गरी तेस्रो सम्भागमा कोभिड १९ ले अवरुद्ध भएको खाद्य आपूर्ति श्रृंखला तथा स्थानीय अर्थतन्त्रलाई पुनरोत्थान तथा सुदृढिकरण गर्ने लक्ष्य लिएको छ। सम्भाग ४ अन्तर्गत समग्र आयोजना व्यवस्थापनका कृयाकलापहरु संचालन हुनेछन् । सम्भाग ५ आकस्मिक प्रतिकार्यका लागि प्रस्ताव गरिएको संभाग हो र प्राकृतिक प्रकोप लगायत आपतकालीन अवस्थामा विपद् व्यवस्थापनका लागि यस संभाग अन्तर्गत कार्यक्रमहरु सन्चालन हुनेछन।




### ४.१ सम्भाग अनुसार आयोजनाको बजेट

| संभाग | | लागत अनुमान (US$ मिलियन) | | |
|---|---|---|---|---|
| | | विश्व बैंक | लाभग्राही | जम्मा |
| **सम्भाग १: ग्रामीण उत्पादनमूलक साझेदारी मार्फत कृषकहरुको बजार आवद्धता सुनिश्चित गर्ने** | | ४० | ४० | ८० |
| उपसम्भाग १.१ | ग्रामीण मूल्य शृंखला प्रवर्द्धनका लागि उत्पादनमूलक साझेदारी निर्माण | ४० | ४० | ८० |
| **सम्भाग २: संघीय संरचनामा उद्यमशीलताको वातावरण सुदृढ बनाउने** | | ८ | ० | ८ |
| उपसम्भाग २.१ | प्रादेशिक तथा स्थानीय तहहरु र सरोकारवाला निकायहरुको क्षमता विकास | ५ | ० | ५ |
| उपसम्भाग २.२ | साना तथा मझौला उद्यमहरु र मध्यस्थकर्ता संस्थाहरुको क्षमता विकास | ३ | ० | ३ |

| | | | |
|---|---|---|---|
| **सम्भाग ३: कोभिड १९ का कारण अवरुद्ध खाद्य आपूर्ती शृंखला र ग्रामीण अर्थतन्त्रलाई पूर्नस्थापित र मजबुत गर्ने** | २२ | ० | २२ |
| **सम्भाग ४: आयोजना व्यवस्थापन** | १० | ० | १० |
| **सम्भाग ५: आकस्मिक आपतकालीन प्रतिकार्य** | ० | ० | ० |
| **जम्मा** | ८० | ४० | १२० |
| **प्रतिशत** | ६६.६७ | ३३.३३ | १०० |
| **आयोजनाको कुल बजेट (अमेरिकी डलर)** | **१२० मिलियन** | | |

**४.२ सम्भागहरु मार्फत संचालन हुने मुख्य मुख्य कार्यक्रमहरु:**

❖ **सम्भाग १ : ग्रामीण उत्पादनमूलक साझेदारी मार्फत कृषकहरुको बजार आवद्धता सुनिश्चित गर्ने**

- ✓ समूहगत पहलमा व्यक्तिगत वा सामूहिक उद्यम विकासमा सहजिकरण
- ✓ उत्पादनको बजार सुनिश्चितताका लागि उत्पादक संस्था र व्यापारी बीच Productive Partnership निर्माण सहजिकरण
- ✓ समूह, उद्यमी, सहकारीहरुको क्षमता अभिवृद्धि
- ✓ कृषक समुह, सहकारीहरुमा उद्यम विकासका लागि पुरक अनुदान

❖ **सम्भाग २ : संघीय संरचनामा उद्यमशीलताको वातावरण सुदृढ बनाउने**

○ **सम्भाग २ क : प्रादेशिक तथा स्थानीय सरकार एवं सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने**

- ➢ क्षमता अभिवृद्धि आवश्यकता पहिचान सर्वेक्षणको आधारमा
  - ✓ प्रादेशिक तथा स्थानीय तहका कृषि निकायहरुको क्षमता अभिबृद्धि
  - ✓ कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका निकायहरुको क्षमता अभिबृद्धि
- ➢ प्राङ्गारिक प्रमाणीकरण तथा खाद्य सुरक्षा कार्यविधि निर्माणमा सहयोग

○ **सम्भाग २ ख : कृषिसंग सम्बन्धित संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने**

- ✓ कृषि व्यवसायमा सङ्गलग्न साना तथा मझौला उद्यम (SMEs) एवम् कृषि सूचना प्रविधि Start Up हरुलाई Business Incubation सहयोग
- ✓ SMEs तथा कृषि सूचना प्रविधि प्रवर्द्धक (Agri tech Start up) हरुलाई Business Coaching
- ✓ SMEs तथा कृषि सूचना प्रविधि प्रवर्द्धक (Agri tech Start up) हरुको क्षमता अभिबृद्धि कार्यक्रम

○ **सम्भाग ३ :कोभिड १९ को असहज परिस्थितबाट अवरूद्ध खाद्य श्रृंखला तथा ग्रामीण अर्थतन्त्रको पुनर्स्थापना तथा मजबुत गर्ने**

- ✓ साझेदारीमा पालिकास्तर कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण
- ✓ साझेदारीमा मागमा आधारित मूल्य श्रृंखला पूर्वाधार निर्माण
- ✓ साझेदारीमा प्रादेशिक कृषि बजार केन्द्र तथा मूल्य श्रृंखला पूर्वाधार निर्माण
- ✓ निर्माण कार्यमा कोभिड प्रभावित स्थानीय बासीको लागि Cash for work पद्धतिमा कार्यक्रम सञ्चालन

❖ **सम्भाग ४: आयोजना व्यवस्थापन**

- ✓ आयोजना निर्देशकको कार्यालय (OPD) तथा आर्थिक कोरिडोर कार्यालय (ECOs) हरु स्थापना र व्यवस्थापन
- ✓ आयोजानबाट संचालित कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन
- ✓ आयोजना लागू भएका गाँउपालिकाहरु तथा प्रदेशहरुसंग समन्वय तथा सहकार्य
- ✓ आयोजना सरोकारवाला निकायहरुसंग समन्वय
- ✓ आयोजनाको प्रगति समीक्षा गोष्ठी, रिर्पोटिङ्ग तथा मिसन व्यवस्थापन
- ✓ सूचना प्रविधिमा आधारित व्यवस्थापन प्रणाली (MIS) को विकास तथा सञ्चालन

❖ **सम्भाग ५ : आकस्मिक आपतकालीन प्रतिकार्य**

✓ स्वास्थ्य तथा अन्य प्राकृतिक सङ्कटकालको समयमा अन्य सम्भाग वा दातृ निकायबाट थप बजेट व्यवस्थापनका लागि राखिएको शुन्य बजेट सम्भाग

## ७. आयोजना कार्यान्वयन व्यवस्था

आयोजनाको मूख्य कार्यान्वयन निकायका रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय रहेको छ । आयोजनालाई समग्र मार्गनिर्देशनका लागि आयोजना निर्देशक समितिको व्यवस्था रहेको छ भने प्राविधिक एवं नीतिगत समन्वयका लागि प्रदेशस्तरमा आर्थिक कोरिडोर प्राविधिक तथा समन्वय समिति र स्थानीय तहमा स्थानीय समन्वय समितिको व्यवस्था रहेको छ। आयोजना कार्यान्वयनका लागि केन्द्रमा एक आयोजना निर्देशकको कार्यालय र सो मातहत ४ वटा आर्थिक कोरिडोर कार्यालयहरु रहेका छन् । आर्थिक कोरिडोर कार्यालय मार्फत सन्चालित उप आयोजनाहरुमा आवद्ध समूह/सहकारी/संघहरु रहनेछ ।त्यसैगरि आयोजनालाई प्राविधिक सहायताका लागि एक फर्म रहनेछ ।

## ८. आयोजनाको दरबन्दी विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | आयोजना निर्देशकको कार्यालय | आर्थिक कोरिडोर कार्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | धनकुटा | बर्दिबास | बुटवल | डडेल्धुरा |
| १ | आयोजना निर्देशक | रा.प.प्र.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | - | - | - | - |
| २ | वरिष्ठ योजना अधिकृत | रा.प.द्वि.प्रा. | नेपालकृषि | समूहकृत नहुने | १ | - | - | - | - |
| ३ | वरिष्ठ अनुगमन तथा मूल्याँकन अधिकृत | रा.प.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | - | - | - | - |
| ४ | वरिष्ठ कृषि अधिकृत | रा.प.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | १ | १ | १ | १ |
| ५ | कृषि अधिकृत | रा.प.तृ.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | ३ | २ | २ | २ | २ |
| ६ | कृषि ईञ्जिनियर | रा.प.तृ.प्रा. | नेपाल कृषि | कृषि ईञ्जिनियर | १ | १ | १ | १ | १ |
| ८ | लेखा अधिकृत | रा.प.तृ.प्र. | नेपाल प्रशासन | लेखा | १ | - | - | - | - |
| ९ | लेखापाल | रा.प.अनं.प्र.प्र. | नेपाल प्रशासन | लेखा | १ | १ | १ | १ | १ |
| १० | नायव सुब्बा | रा.प.अनं.प्र.प्र. | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | - | १ | - |
| ११ | प्राविधिक सहायक | रा.प.अनं.प्र.प्रा. | नेपाल कृषि | कृषि | १ | - | - | - | - |
| १२ | खरिदार | रा.प.अनं.द्वि. प्र | नेपाल प्रशासन | सामान्य प्रशासन | - | - | १ | | १ |
| १३ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र. | विविध | - | ३ | १ | १ | १ | १ |
| १४ | नायव प्राविधिक सहायक | रा.प.अनं.द्वि.प्रा. | नेपाल कृषि | कृषि | २ | ६ | ६ | ६ | ६ |
| १५ | नायव प्राविधिक सहायक | रा.प.अनं.द्वि.प्रा. | नेपाल कृषि | पशु विकास/मत्स्य | - | ४ | ४ | ४ | ४ |
| १६ | कार्यालय सहयोगी/ चौकिदार | विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ४ | २ | २ | २ | २ |
| १७ | हलुका सवारी चालक | विहिन | नेपाल इन्जि. | मे.ई. | ३ | २ | २ | २ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | २४ | २१ | २१ | २१ | २१ |






# आ।व २०७७/७८ को प्रगति विवरण सारांश


आ.व. २०७७/७८ को बार्षिक वजेट विवरण
चालु
पुँजिगत
कुल
रु हजारमा
६००००
५००००
४००००
३००००
२००००
१००००
०
१६०३५
३०४४९
४६४८४
१९७९
५०९
२४८८
१९३५
५०९
२४४४
१९३५
५०९
२४४४
१९७९
५०९
२४८८
२३८६३
३२४८५
५६३४८
ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आयोजना निर्देशकको कार्यालय, हरिहरभवन, ललितपुर
आर्थिक करिडर कार्यालय, धनकुटा
आयोजना करिडर कार्यालय, महोत्तरी
आयोजना करिडर कार्यालय, बुटवल
आयोजना करिडर कार्यालय, डडेल्धुरा
कुल जम्मा


आ.व. २०७७/७८ को प्रगति विवरण
भारित प्रगति
वित्तिय प्रगति
प्रतिशत
९०
८०
७०
६०
५०
४०
३०
२०
१०
०
८०.०८
७२.२२
७२.१९
५१.९०
७०.६९
५७.११
६६.९३
४४.७४
५५.८७
२८.१२
७७.६९
६७.५३
ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आयोजना निर्देशकको कार्यालय, हरिहरभवन, ललितपुर
आर्थिक करिडर कार्यालय, धनकुटा
आयोजना करिडर कार्यालय, महोत्तरी
आयोजना करिडर कार्यालय, बुटवल
आयोजना करिडर कार्यालय, डडेल्धुरा
एकमुष्ठ

| आयोजना निर्देशक कार्यालय र आर्थिक करिडोर कार्यालयका लागि विनियोजित चालु र पूँजिगत बजेटको विवरण (रु लाखमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आ व | चालु/पूँजिगत | OPD | Dhankuta | Bardibas | Butwal | Dhaduldhura | ECOs Total | जम्मा | % |
| 2077/78 | चालु | 160.35 | 19.79 | 19.35 | 19.35 | 19.79 | 78.28 | 238.63 | **42.35** |
| | पूंजीगत | 304.49 | 5.09 | 5.09 | 5.09 | 5.09 | 20.36 | 324.85 | **57.65** |
| जम्मा | | **464.84** | **24.88** | **24.44** | **24.44** | **24.88** | **98.64** | **563.48** | **100.00** |
| 2078/79 | चालु | 2253.61 | 988.86 | 978.74 | 985.74 | 982.05 | 3935.39 | 6189.00 | **49.79** |
| | पूंजीगत | 578.50 | 1415.55 | 1415.85 | 1415.55 | 1415.55 | 5662.50 | 6241.00 | **50.21** |
| जम्मा | | **2832.11** | **2404.41** | **2394.59** | **2401.29** | **2397.60** | **9597.89** | **12430.00** | **100.00** |

| आयोजना निर्देशक कार्यालय र आर्थिक करिडोर कार्यालयका लागि विनियोजित बजेटको श्रोतगत विवरण (रु लाखमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आ व | श्रोत | OPD | Dhankuta | Bardibas | Butwal | Dhaduldhura | ECOs Total | जम्मा | % |
| 2077/78 | नेपाल सरकार | 31.69 | 8.71 | 8.37 | 8.27 | 8.71 | 34.06 | 65.75 | **11.67** |
| | विश्व बैंक | 433.14 | 16.17 | 16.07 | 16.17 | 16.17 | 64.57 | 497.71 | **88.33** |
| जम्मा | | **464.83** | **24.88** | **24.44** | **24.44** | **24.88** | **98.63** | **563.46** | **100.00** |
| 2078/79 | नेपाल सरकार | 220.63 | 71.80 | 69.33 | 69.53 | 72.71 | 283.37 | 504.00 | **4.05** |
| | विश्व बैंक | 2611.48 | 2332.61 | 2325.26 | 2331.76 | 2324.89 | 9314.52 | 11926.00 | **95.95** |
| जम्मा | | **2832.11** | **2404.41** | **2394.59** | **2401.29** | **2397.60** | **9597.89** | **12430.00** | **100.00** |






# Implementation Status

- ❖ Appointment of Project Director: 2077/11/03
- ❖ Establishment of Office of the Project Director: 2077/11/21
- ❖ Formation of Project Steering Committee: 2077/12/01
- ❖ Project Implementation Manual (PIM) Adoption: 2077/12/05
- ❖ Project Effective Declaration: 2077/12/06
  - ❖ Establishment of ECOs: 2078/01/08
  - ❖ Approval of O&M: 2078/02/06
  - ❖ Approval of Program and budget for FY 2077/78: 2078/02/09
  - ❖ First Implementation Support and Review Mission Completed: 2077-12-23 to 27 (5-9 April, 2

# आव २०७७/७८ मा प्रस्तावित मुख्य कृयाकलापहरु (बजेट रु लाखमा)

| कृयाकलापहरु (आयोजना निर्देशकको कार्यालय) | बजेट | कृयाकलाप (४ आर्थिक करिडोर कार्यालय) | बजेट |
|---|---|---|---|
| सवारी साधन (४ पाङ्ग्रे ३, मोटरसाइकल ७, स्कुटर ४ | २३३.६ | फर्निसिङ्ग, कार्यालय सामग्रीहरु | ५ |
| Photocopy, printer, projector, Laptop, Desktop | ४६.३ | घर भाडा | १.८ |
| फर्निचर | १५.९ | | |
| परामर्श सेवा<br>Procurement, Finance, Social Safeguard, Environment, M&E Specialist | २८.५ | | |
| करार सेवा<br>कम्प्युटर अपरेटर, कृषि प्राविधिक, कार्यालय सहयोगी, हसचा | ८.४५ | करार सेवा<br>कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, | २ |

| कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | इकाई | आयोजनाको कुल क्रियाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ. व. सम्मको | | | वार्षिक लक्ष्य | | | प |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | लागत | परिमाण | भार | लागत | परिमाण | भार | बजेट | |
| अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | |
| सम्भाग ४: आयोजना व्यवस्थापन | | | | | ० | | | ० | | | २७८.५ | |
| कार्यालय भवनका कोठाहरुको मर्मत सम्भार | ३११६१ | पटक | ० | ० | ० | ० | ० | ० | १ | .७४ | २१ | |
| Invertor with battteries | ३११२२ | नटा | ० | ० | ० | ० | ० | ० | १ | .०९ | २.५ | |
| ट्याबलेट खरिद | ३११२२ | संख्या | ० | ० | ० | ० | ० | ० | ५ | .१८ | ५ | |
| प्रिन्टर (दुबै साइड प्रिन्ट गर्ने) | ३११२२ | संख्या | ० | ० | ० | ० | ० | ० | ५ | .०५ | १.५ | |
| आयोजनाको लागी Double Cab (४WD) सवारी खरिद | ३११२१ | संख्या | ० | ० | ० | ० | ० | ० | १ | ३.८८ | ११० | |
| स्कुटर १५० CC खरिद | ३११२१ | संख्या | ० | ० | ० | ० | ० | ० | २ | .२१ | ५.९ | |
| मोटरसाईकल (१५० CC वा माथी) खरिद | ३११२१ | संख्या | ० | ० | ० | ० | ० | ० | २ | .२५ | ७.२ | |
| आयोजनाका लागि जिप/गाडी खरिद | ३११२१ | संख्या | ० | ० | ० | ० | ० | ० | १ | १.९४ | ५५ | |
| प्रिन्टर थ्री इन वन | ३११२२ | नटा | ० | ० | ० | ० | ० | ० | ५ | .०६ | १.७५ | |
| कार्यालयको लागी AC जडान | ३११२२ | संख्या | ० | ० | ० | ० | ० | ० | ८ | .२५ | ७.२ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आयोजनाका लागि ल्यापटप खरिद (Octacore, >२.३Ghz Base Frequency, ८ GB or more RAM, २५६ GB or more SSD Storage, Genuine OS, HD LED Display) | ३११२२ | संख्या | ० | ० | ० | ० | ० | ० | ८ | .४२ | १२ |
| ALL IN ONE DESKTOP PC (८ GB RAM, octacore processor, २१ inch or more FHD Screen) | ३११२२ | संख्या | ० | ० | ० | ० | ० | ० | १० | .३८ | १०.७५ |
| कार्यालयको लागि फर्निचर तथा फर्निसिङ खरिद | ३११२३ | पटक | ० | ० | ० | ० | ० | ० | १ | .२८ | ८ |
| आयोजनाको MIS निर्माण तथा सञ्चालन लागी परामर्श सेवा (तयारी, inception workshop, validation workshops तथा orientation समेत) | ३११३४ | पटक | ० | ० | ० | ० | ० | ० | १ | १.०६ | ३० |
| सम्भाग ३: कोभिड १९ का कारण अवरुद्ध खाद्य आपूर्ती शृंखला तथा स्थानीय अर्थतन्त्र पुनरोत्थान तथा सुदृढिकरण | | | | | ० | | | ० | | | ३०० |
| उष्ण प्रदेशिय नागबानी केन्द्र, सर्लाहीलाई Center of Excellence को | ३११५९ | पटक | ० | ० | ० | ० | ० | ० | १ | १०.५९ | ३०० |

# आर्थिक करिडोर कार्यालयहरुको प्रगति विवरण




## वार्षिक प्रगति

बजेट रु. लाखमा

| क्र.स. | कार्यक्रम / कार्यक्रम | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | | | तेस्रो चौमासिक लक्ष्य | | | तेस्रो चौमासिक प्रगति | | | | श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | बजेट | भारित प्रगति | वित्तिय प्रगति | परिमाण | भार | बजेट | परिमाण | बजेट | भारित प्रगति | वित्तिय प्रगति | | |
| अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | | | | | |
| ११.३.२२.२६९ | ग्यास सिलिण्डर चुलो समेत 1, किचन समाग्री, water boiler, भ्याकुम क्लिनर 1 | ३११२२ | पटक | १ | २.०१ | ०.४९ | १. | ०.४५१४ | १.८५ | ९२.१२ | १ | २ | ०.४९ | १. | ०.४५१४ | १.८५ | ९२.१२ | आई डि ए(४३) | |
| ११.६.१३.३९९ | आर्थिक करिडर कार्यालयमा फर्नीसिङ्ग | ३११२३ | पटक | १ | १६.३७ | ४ | १ | ४.०००० | १६.३७ | १००.०० | १ | १६.३७ | ४ | १ | ४.०००० | १६.३७ | १००.०० | आई डि ए(४३) | |
| ११.६.१३.४०१ | office दराज | ३११२३ | संख्या | ३ | २.४६ | ०.६ | ३. | ०.५४२० | २.२२ | ९०.३३ | ३ | २.४५ | ०.६ | ४. | ०.५४२० | २.२२ | ९०.३३ | आई डि ए(४३) | |
| क) पूँजीगत खर्च कार्यक्रमको जम्मा: | | | | ५ | २०.८४ | ५.०९ | | ४.९९३४ | २०.४३ | ९८.१० | ५ | २०.८२ | ५.०९ | | ४.९९३४ | २०.४३ | ९८.१० | | |
| आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | | | | | |
| १.१.१.४ | रा.प. द्वितीय | २११११ | जना | १ | ५.२४ | १.२८ | १. | ०.५८१४ | २.३८ | ४५.४२ | ० | ५.२४ | १.२८ | १. | ०.५८१४ | २.३८ | ४५.४२ | नेपाल सरकार | |
| १.१.१.५ | रा.प. तृतीय | २११११ | जना | २ | ९.३३ | २.२८ | | ०.०००० | ०.०० | ०.०० | ० | ९.३३ | २.२८ | | ०.०००० | ०.०० | ०.०० | नेपाल सरकार | |
| १.१.१.६ | रा.प.अनं. प्रथम | २११११ | जना | २ | ७.६९ | १.८८ | | ०.०००० | ०.०० | ०.०० | ० | ७.६९ | १.८८ | | ०.०००० | ०.०० | ०.०० | नेपाल सरकार | |
| २.१.२.३३ | कार्यालयको लागी पानी तथा विजुली महशुल | २२१११ | पटक | २ | ०.४१ | ०.१ | २. | ०.१ | ०.४० | ९७.३० | ० | ०.४१ | ०.१ | २. | ०.१ | ०.४० | ९७.३० | नेपाल सरकार | |
| ८.१.३.२० | आर्थिक करिडर कार्यालयको घरभाडा | २८१४२ | महिना | १ | ७.३७ | १.८ | १. | ०.६१९३ | २.५३ | ३४.४१ | १ | ७.३६ | १.८ | १. | ०.६१९३ | २.५३ | ३४.४१ | आई डि ए(४३) | |
| २.१.१०.५ | टेलिफोन जडान तथा मासिक महशुल | २२११२ | पटक | १ | ०.१६ | ०.०४ | १. | ०.०४०० | ०.१६ | १००.०० | ० | ०.१६ | ०.०४ | १. | ०.०४०० | ०.१६ | १००.०० | आई डि ए(४३) | |
| १.२.२.१ | स्थायी कर्मचारीको महंगी भत्ता | २११३२ | जना | ५ | ०.८२ | ०.२ | | ०.०२०० | ०.०८ | १०.०० | ० | ०.८२ | ०.२ | | ०.०२०० | ०.०८ | १०.०० | नेपाल सरकार | |
| २.२.२.२ | पेट्रोल- दुई पाङ्ग्रे | २२२१२ | लीटर | ८० | ०.४१ | ०.१ | | ०.१००० | ०.४१ | १००.०० | ४० | ०.४१ | ०.१ | | ०.१००० | ०.४१ | १००.०० | आई डि ए(४३) | |
| २.२.२.४ | मोबिल | २२२१२ | लीटर | १ | ०.०४ | ०.०१ | | ०.००८० | ०.०३ | ८०.०० | ० | ०.०४ | ०.०१ | | ०.००८० | ०.०३ | ८०.०० | आई डि ए(४३) | |
| १.२.४.२२३ | खरिद समिति, विभिन्न मूल्याङ्कन समिति, कार्यदल तथा अन्य समितिहरुको बैठक भत्ता | २११३४ | पटक | ३ | १.२३ | ०.३ | २. | ०.२२७४ | ०.९३ | ७५.८० | ० | १.२३ | ०.३ | २. | ०.२२७४ | ०.९३ | ७५.८० | नेपाल सरकार | |
| २.३.१.१२२ | दुई पाङ्ग्रे साधन मर्मत | २२२१३ | संख्या | १ | ०.२ | ०.०५ | १. | ०.०५ | ०.२० | ९८.०० | १ | ०.२ | ०.०५ | १. | ०.०५ | ०.२० | ९८.०० | आई डि ए(४३) | |
| २.४.१.८९ | कार्यालय मसलन्द समान खर्च | २२३११ | पटक | १ | ६.१४ | १.५ | १. | १.५ | ६.१३ | ९९.८९ | १ | ६.१४ | १.५ | १. | १.५ | ६.१३ | ९९.८९ | आई डि ए(४३) | |
| २.४.१.९० | अन्य कार्यालय मालसमान खर्च | २२३११ | पटक | १ | ४.०९ | १ | १ | १.०००० | ४.०९ | १००.०० | १ | ४.०९ | १ | १ | १.०००० | ४.०९ | १००.०० | आई डि ए(४३) | |
| २.४.१३.२३ | पत्रपत्रिका तथा पुस्तक खरिद | २२३१५ | पटक | १ | १.६४ | ०.४ | १. | ०.०००० | ०.०० | ०.०० | १ | १.६४ | ०.४ | १. | ०.०००० | ०.०० | ०.०० | आई डि ए(४३) | |
| २.४.१४.२६ | विज्ञापन तथा सूचना प्रकाशन | २२३१५ | पटक | १ | ६.५५ | १.६ | १. | ०.१३९९ | ०.५७ | ८.७४ | १ | ६.५५ | १.६ | १. | ०.१३९९ | ०.५७ | ८.७४ | आई डि ए(४३) | |
| २.५.७.३ | कार्यालय सहयोगी सेवा करारमा लिने | २२४१३ | संख्या | २ | ३.१९ | ०.७८ | २. | ०.१७५६ | ०.७२ | २२.५२ | २ | ३.१९ | ०.७८ | २. | ०.१७५६ | ०.७२ | २२.५२ | आई डि ए(४३) | |
| २.५.७.१३ | कम्प्युटर अपरेटर करारमा लिने | २२४१३ | संख्या | १ | ४.६७ | १.१४ | १. | ०.०००० | ०.०० | ०.०० | १ | ४.६६ | १.१४ | १. | ०.०००० | ०.०० | ०.०० | आई डि ए(४३) | |
| २.५.८.४ | सरसफाइ सेवा करार | २२४१३ | पटक | १ | ०.४१ | ०.१ | १. | ०. | ०.०० | ०.०० | १ | ०.४१ | ०.१ | १. | ०. | ०.०० | ०.०० | आई डि ए(४३) | |
| १.६.१.१ | सामाजिक सुरक्षा कोष खर्च | २१२११ | जना | २ | १.१९ | ०.२९ | | ०.०००० | ०.०० | ०.०० | ० | १.१९ | ०.२९ | | ०.०००० | ०.०० | ०.०० | नेपाल सरकार | |
| १.६.४.१ | कर्मचारीको योगदानमा आधारित वीमा कोष खर्च | २१२१३ | जना | ५ | ०.१६ | ०.०४ | | ०.०००० | ०.०० | ०.०० | ० | ०.१६ | ०.०४ | | ०.०००० | ०.०० | ०.०० | नेपाल सरकार | |
| २.७.२५.९७८ | Economic Corrdior Technical and Coordination Comittee बैठक व्यवस्थापन | २२५२२ | पटक | १ | ६.१४ | १.५ | | ०.०००० | ०.०० | ०.०० | १ | ६.१४ | १.५ | | ०.०००० | ०.०० | ०.०० | नेपाल सरकार | |
| २.७.२५.९७९ | Local Coordination Meeting सञ्चालन तथा व्यवस्थापन | २२५२२ | पटक | २ | २.०५ | ०.५ | | ०.०००० | ०.०० | ०.०० | २ | २.०५ | ०.५ | | ०.०००० | ०.०० | ०.०० | नेपाल सरकार | |
| २.७.२५.९८० | ECO अनतरगत आयोजना क्षेत्रमा अन्तरक्रिया | २२५२२ | पटक | २ | ४.०९ | १ | १ | ०.०२४० | ०.१० | २.४० | २ | ४.०९ | १ | १ | ०.०२४० | ०.१० | २.४० | आई डि ए(४३) | |
| २.८.१.३७ | कार्यक्रम अनुगमन भ्रमण खर्च | २२६११ | पटक | ८ | ४.९१ | १.२ | | १.१८०४ | ४.८३ | ९८.३७ | ८ | ४.९१ | १.२ | | १.१८०४ | ४.८३ | ९८.३७ | आई डि ए(४३) | |
| २.९.१.१७ | दुई पाङ्ग्रे साधन बीमा तथा नविकरण | २२२१४ | संख्या | १ | ०.२५ | ०.०६ | १. | ०. | ०.०० | ०.०० | १ | ०.२५ | ०.०६ | १. | ०. | ०.०० | ०.०० | आई डि ए(४३) | |
| २.९.६.६३ | कार्यालयको दैनिक चियापान, अतिथि सत्कार तथा भैपरि आउने खर्च | २२७११ | पटक | ४ | ०.८२ | ०.२ | ४. | ०.२ | ०.८१ | ९९.३८ | ४ | ०.८२ | ०.२ | ४. | ०.२ | ०.८१ | ९९.३८ | आई डि ए(४३) | |
| ख) चालु खर्च कार्यक्रमको जम्मा: | | | | १,३२ | ७९.२ | १९.३५ | | ५.९५९४८ | २४.३८ | ३०.८० | ६८ | ७९.१८ | १९.३५ | | ५.९५९४८ | २४.३८ | ३०.८० | | |
| कुल जम्मा खर्च | | | | १,३७ | १,००.०४ | २४.४४ | | १०.९५२९ | ४४.८२ | ४४.८२ | ७३ | १,०० | २४.४४ | | १०.९५२९ | ४४.८२ | ४४.८२ | | |

# शीर्षक अनुसार बजेट र खर्चको बित्तिय विवरण

म. ले. प. फा. न. २१३

आर्थिक बर्ष:- २०७७/७८
बजेट उपशीर्षक : कृषि तथा पशुपन्छी विकास मन्त्रालय[३१२०००११४]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | आई डि ए | सोधभर्ना हुने ऋण | ४९,०००.०० | ४५,१४०.०० | ०.०० | ४५,१४०.०० | ४५,१४०.०० | ०.०० | ४५,१४०.०० | ३,८६०.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | आई डि ए | सोधभर्ना हुने ऋण | ४६०,०००.०० | ४५४,१९९.०० | ०.०० | ४५४,१९९.०० | ४५४,१९९.०० | ०.०० | ४५४,१९९.०० | ५,८०१.०० |
| | कुल जम्मा | | | ५०९,०००.०० | ४९९,३३९.०० | ०.०० | ४९९,३३९.०० | ४९९,३३९.०० | ०.०० | ४९९,३३९.०० | ९,६६१.०० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | | | |

तयार गर्ने :-

पेश गर्ने :-

स्वीकृत गर्ने :-

## वित्तिय विवरण

आर्थिक बर्ष:- २०७७/७८
बजेट उपशीर्षक : कृषि तथा पशुपन्छी विकास मन्त्रालय[३१२०००११३]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार | नगद | ५४३,८२५.०० | ५८,१४३.०० | ०.०० | ५८,१४३.०० | ५८,१४३.०० | ०.०० | ५८,१४३.०० | ४८५,६८२.०० |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | नगद | २०,०००.०० | २,०००.०० | ०.०० | २,०००.०० | २,०००.०० | ०.०० | २,०००.०० | १८,०००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | नेपाल सरकार | नगद | ३०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३०,०००.०० |
| २१२११ | सामाजिक सुरक्षा कोष खर्च | नेपाल सरकार | नगद | २९,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २९,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | नेपाल सरकार | नगद | ४,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,०००.०० |
| २२१११ | पानी तथा बिजुली | आई डि ए | सोधभर्ना हुने ऋण | १०,०००.०० | ९,७३०.०० | ०.०० | ९,७३०.०० | ९,७३०.०० | ०.०० | ९,७३०.०० | २७०.०० |
| २२११२ | संचार महसुल | आई डि ए | सोधभर्ना हुने ऋण | ४,०००.०० | ४,०००.०० | ०.०० | ४,०००.०० | ४,०००.०० | ०.०० | ४,०००.०० | ०.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | आई डि ए | सोधभर्ना हुने ऋण | १०,८००.०० | १०,६००.०० | ०.०० | १०,६००.०० | १०,६००.०० | ०.०० | १०,६००.०० | २००.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | आई डि ए | सोधभर्ना हुने ऋण | ५,०००.०० | ४,९००.०० | ०.०० | ४,९००.०० | ४,९००.०० | ०.०० | ४,९००.०० | १००.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | आई डि ए | सोधभर्ना हुने ऋण | ६,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | आई डि ए | सोधभर्ना हुने ऋण | २५०,०००.०० | २४९,८३७.०० | ०.०० | २४९,८३७.०० | २४९,८३७.०० | ०.०० | २४९,८३७.०० | १६३.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | आई डि ए | सोधभर्ना हुने ऋण | २००,०००.०० | १३,९९०.०० | ०.०० | १३,९९०.०० | १३,९९०.०० | ०.०० | १३,९९०.०० | १८६,०१०.०० |
| २२४१३ | करार सेवा शुल्क | आई डि ए | सोधभर्ना हुने ऋण | २०१,९२०.०० | १७,१६३.०० | ०.०० | १७,१६३.०० | १७,१६३.०० | ०.०० | १७,१६३.०० | १८४,७५७.०० |
| २२५२२ | कार्यक्रम खर्च | आई डि ए | सोधभर्ना हुने ऋण | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | नगद | २००,०००.०० | २४,०००.०० | ०.०० | २४,०००.०० | २४,०००.०० | ०.०० | २४,०००.०० | १७६,०००.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | आई डि ए | सोधभर्ना हुने ऋण | १२०,०००.०० | ११८,०४०.०० | ०.०० | ११८,०४०.०० | ११८,०४०.०० | ०.०० | ११८,०४०.०० | १,९६०.०० |
| २२७११ | विविध खर्च | आई डि ए | सोधभर्ना हुने ऋण | २०,०००.०० | १९,८७५.०० | ०.०० | १९,८७५.०० | १९,८७५.०० | ०.०० | १९,८७५.०० | १२५.०० |
| २८१४२ | घर भाडा | आई डि ए | सोधभर्ना हुने ऋण | १८०,०००.०० | ६१,९३०.०० | ०.०० | ६१,९३०.०० | ६१,९३०.०० | ०.०० | ६१,९३०.०० | ११८,०७०.०० |
| | कुल जम्मा | | | १,९३४,५४५.०० | ५९४,२०८.०० | ०.०० | ५९४,२०८.०० | ५९४,२०८.०० | ०.०० | ५९४,२०८.०० | १,३४०,३३७.०० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | | | |

## आयोजनाको दरबन्दी विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | आयोजना निर्देशकको कार्यालय | आर्थिक कोरिडोर कार्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | धनकुटा | बर्दिबास | बुटवल | डडेल्धुरा |
| १ | आयोजना निर्देशक | रा.प.प्र.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | - | - | - | - |
| २ | वरिष्ठ योजना अधिकृत | रा.प.द्वि.प्रा. | नेपालकृषि | समूहकृत नहुने | १ | - | - | - | - |
| ३ | वरिष्ठ अनुगमन तथा मूल्यॉंकन अधिकृत | रा.प.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | - | - | - | - |
| ४ | वरिष्ठ कृषि अधिकृत | रा.प.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | १ | १ | १ | १ |
| ५ | कृषि अधिकृत | रा.प.तृ.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | ३ | २ | २ | २ | २ |
| ६ | कृषि ईञ्जिनियर | रा.प.तृ.प्रा. | नेपाल कृषि | कृषि ईञ्जिनियर | १ (रिक्त) | १ | १ | १ | १ |
| ८ | लेखा अधिकृत | रा.प.तृ.प्र. | नेपाल प्रशासन | लेखा | १ | - | - | - | - |
| ९ | लेखापाल | रा.प.अनं.प्र.प्र. | नेपाल प्रशासन | लेखा | १ | १ (रिक्त) | १ (रिक्त) | १ (रिक्त) | १ (रिक्त) |
| १० | नायव सुब्बा | रा.प.अनं.प्र.प्र. | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | - | १ | - |
| ११ | प्राविधिक सहायक | रा.प.अनं.प्र.प्रा. | नेपाल कृषि | कृषि | १ | - | - | - | - |
| १२ | खरिदार | रा.प.अनं.द्वि. प्र | नेपाल प्रशासन | सामान्य प्रशासन | - | - | १ (रिक्त) | | १ |
| १३ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र. | विविध | - | ३ | १ | १ | १ | १ |
| १४ | नायव प्राविधिक सहायक | रा.प.अनं.द्वि.प्रा. | नेपाल कृषि | कृषि | २ | ६ | ६ | ६ | ६ |
| १५ | नायव प्राविधिक सहायक | रा.प.अनं.द्वि.प्रा. | नेपाल कृषि | पशु विकास/मत्स्य | - | ४ | ४ | ४ | ४ |
| १६ | कार्यालय सहयोगी/ चौकिदार | विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ४ | २ | २ | २ | २ |
| १७ | हलुका सवारी चालक | विहिन | नेपाल इन्जि. | मे.ई. | ३ | २ | २ | २ | २ |
| जम्मा | | | | | २४ | २१ | २१ | २१ | २१ |

# अनुसूचीहरु

# अनुसूची १

# ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना

## गुनासो व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावनाः** आयोजनाबाट प्रवाह हुने सेवा एवं कार्यक्रमहरुमा आम-नागरिकको पहुँच तथा सहभागिता वृद्धि गरी सेवाग्राहीहरुबाट प्राप्त गुनासो, असन्तुष्टी, उजुरी एवं सिकायतको नियम सम्वत सम्बोधन तथा व्यवस्थापन गर्न, सुझाव एवं पृष्ठपोषण लिन, जनउत्तरदायी ढंङ्गबाट कुशलतापूर्वक पारदर्शी रुपमा सेवा सुविधा समयमै उपलब्ध गराउन वान्छनिय भएकोले,

सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को नियम ९ ले दिएको अधिकार प्रयोगको साथै यस आयोजनाको लागि तयार गरिएको सरोकारवाला संलग्नता सम्वन्धि योजना (Stakeholder Engagement Plan) को अधिन रही कृषि तथा पशुपन्छी विकास मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

### परिच्छेद - १

### प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना **गुनासो व्यवस्थापन कार्यविधि, २०७८"** रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

### परिच्छेद -२

### परिभाषा

१. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) **"आयोजना"** भन्नाले ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनालाई सम्झनु पर्दछ।

(ख) **"आयोजना निर्देशकको कार्यालय"** भन्नाले आयोजना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न तथा समन्वयको लागि स्थापना भएको केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) **"आर्थिक करिडोर कार्यालय"** भन्नाले आयोजना लागु भएका जिल्लाहरुमा कार्यक्रम संचालन गर्न स्थापना भएका **करिडोर कार्यालय**लाई सम्झनु पर्दछ।

(घ) **“अनुदानग्राही/लाभग्राही”** भन्नाले आयोजनाले प्रवाह गर्ने सेवा र अनुदानहरु प्राप्त गर्न योग्य उत्पादक/कृषक समूह, कृषि/ ग्रामीण उद्यमीहरुको संघ संघठन, कृषक सहकारीहरु लगायतका आयोजनाका लाभग्राहीहरुलाई सम्झनु पर्दछ।

(ङ) “अनुदान” भन्नाले आयोजनाले उपलब्ध गराएको अनुदानलाई सम्झनु पर्दछ।

(च) **“सम्झौता”** भन्नाले आयोजना अन्तर्गतका विभिन्न क्रियाकलापहरु सञ्चालनका लागि आयोजना र अनुदानग्राहीका बीच भएको सम्झौतालाई सम्झनु पर्दछ ।

(छ) **“गुनासो”** भन्नाले सेवाग्राहीकले लिखित, मौखिक र अन्य विधुतिय माध्यमबाट व्यक्त गरिएको असन्तुष्टिलाई जनाउँछ जसमा कुनै कर्मचारी वा सरोकारवाला व्यक्ति, सँगठन वा संस्थाबाट कुनै अनियमितता, अवैधानिक, पक्षपातपूर्ण, अन्यायपूर्ण वा असंगत र विभेदपूर्ण कार्य भएको सोच्दछ वा विश्वास गर्दछ।

(ज) **“उजुरी वा सिकायत”** भन्नाले सेवाग्राहीले लिखित, मौखिक वा अन्य कुनै विद्युतीय उपकरणको माध्यमबाट व्यक्त गरेको असन्तुष्टिलाई जनाउँछ।

(झ) **“सेवा”** भन्नाले ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाबाट प्रवाह हुने सेवालाई सम्झनु पर्दछ।

(ञ) **“प्राविधिक सहायता”** भन्नाले आयोजना कार्यान्वयनको लागि परामर्श सेवा अन्तर्गत छनौट भएका प्राविधिक सहायता उपलब्ध गराउने संस्थामार्फत उपलब्ध हुने प्राविधिक सहायतालाई सम्झनु पर्दछ।

(ट) **“समिति”** भन्नाले दफा १२ बमोजिमको केन्द्रीय गुनासो समाधान समिति, आर्थिक करिडोर गुनासो समाधान समिति र उप-आयोजना गुनासो समाधान समिति लाई सम्झनु पर्दछ ।

(ठ) **“निर्देशक समिति”** भन्नाले आयोजनाको आयोजना निर्देशक समिति लाई सम्झनु पर्दछ।

(ड) **“मन्त्रालय”** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ढ) **“सुझाव”** भन्नाले लिखित वा मौखिक रुपमा कुनै कार्यलाई कानुन सङ्गत वा न्यायपूर्ण ढंङ्गबाट सम्पादन गर्न लिखित वा मौखिक रुपमा व्यक्त भएको पृष्ठपोषणलाई जनाउँछ।

(ण) **“यौन शोषण तथा दुरूपयोग”** भन्नाले यौनिक किसिमको वास्तविक वा धम्कीपूर्ण, बलद्वारा वा असमान वा जबरजस्ती गर्न मिल्ने अवस्थामा गरिने शारीरिक हस्तक्षेपलाई जनाउँछ।

(त) **"यौन दुर्व्यवहार"** भन्नाले अर्को व्यक्तिको यौन शोषणबाट आर्थिक, सामाजिक, वा राजनीतिक लगायतका फाइदाहरूका लागि यौनिक अभिप्रायका साथ जोखिम, असमान शक्ति वा विश्वासको कुनै पनि शोषणको घटना वा उद्योगलाई जनाउँछ।

(थ) "फोकल व्यक्ति" भन्नाले परियोजनाले यौन शोषण र दुरूपयोग तथा यौन दुर्व्यवहार सम्वन्धी सवै प्रकारका गुनासो तथा सिकायतको व्यवस्थापनको जिम्मेवारी सहित तोकिएको परियोजनाको वरिष्ठ पदाधिकारीलाई जनाउँछ।

२. **उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहाय बमोजिमका रहनेछन्:

(क) आयोजनाबाट प्रवाह हुने सेवा सुविधामा सरोकारवालाको पहुँच तथा सहभागिता वृद्धि गरी सुशासनको प्रत्याभूति दिलाउन तिनका असन्तुष्टि, सिकायत वा उजुरी तथा गुनासोहरुको सुनुवाई तथा व्यवस्थापन गरी आयोजना प्रति सरोकारवालाको अपनत्व विकास गर्ने।

(ख) आयोजनाको क्रियाकलापको साथै ती क्रियाकलापवाट उत्पन्न हुनसक्ने प्रभाव र असुविधाका साथै न्यूनीकरणका उपायहरूका बारेमा सरोकारवाला तथा आमनागरिकहरुलाई नियमित रुपमा सुसूचित गरि तिनिहरुबाट प्राप्त सल्लाह सुझावहरुको उचित सम्वोधन गर्ने।

(ग) गुनासोहरुलाई प्रभावकारी र पारदर्शि रुपमा यथाशिघ्र सम्बोधन गरी आयोजना सञ्चालनमा दीगोपना, प्रभावकारीता र निष्पक्षता सुनिश्चित गर्ने ।

(घ) गुनासो सुनुवाईको लागि संस्थागत संयन्त्रको स्थापना तथा सन्चालन गर्ने।

(ङ) स्थापित संस्थागत संयन्त्रको काम, कर्तव्य, जिम्मेवारी र उत्तरदायित्व स्पष्ट गर्ने।

(च) यौन शोषण र दुरूपयोग तथा यौन दुर्व्यवहार जस्ता संवेदनशील गुनासोहरुको प्रभावकारी व्यवस्थापन तथा सम्वोधनको लागि गुनासो सुनुवाई संयन्त्रमा एक फोकल व्यक्तिको नियुक्तिको साथै सम्बद्ध कर्मचारीको आवश्यक तालिमको व्यवस्था गर्ने ।

(छ) यौन शोषण र दुरूपयोग तथा यौन दुर्व्यवहार सम्बन्धी उजुरीहरूलाई उपयुक्त ढंगमा सम्बोधन गर्नका लागि गोपनीयता, प्रभावित केन्द्रित विधि,[1] तथा प्रभावितका

[1] प्रभावित केन्द्रिय विधी निम्न ६ सिद्धान्तमा केन्द्रित रहने छन् ।

१. गुणस्तरीय सेवामा पहुँच
२. समग्रतामा आधारित वहुपक्षिय सेवाको उपलव्धता
३. गोपनियता तथा सूचित सहमती
४. आदर
५. सुरक्षा
६. गैर् भेदभाव

सुरक्षासम्बन्धी निर्देशक सिद्धान्तको आधारमा यौन शोषण र दुरूपयोग तथा यौन दुर्व्यवहार सम्बन्धी गुनासोको व्यवस्थापनामा संयन्त्रले विशेष ध्यान दिने ।

(ज) गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन सम्बद्ध कर्मचारीको भौतिक तथा मानवीय क्षमताको विकासबाट सम्बद्ध सबैको कार्यकुशलताको वृद्धि गरि गुनासो सम्बोधन एवं व्यवस्थापन प्रभावकारितामा वृद्धि गर्ने।

झ) आयोजना/कार्यक्रम संचालनमा आउन सक्ने व्यवधानमा कमी ल्याई जोखिम न्यूनिकरण व्यवस्थापन गर्न अनुकूल वातावरण श्रृजना गर्ने।

ञ) नागरिकका गुनासो सम्बोधन तथा व्यवस्थापनका लागि अभिलेख, अनुगमन, प्रतिवेदन तथा समीक्षा प्रणाली व्यवस्थित गर्ने।

३. **कार्य क्षेत्रः** यो कार्यविधि ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना मार्फत प्रदान गरिने सेवा र अनुदानबाट सञ्चालित क्रियाकलापहरुसँग सम्बन्धित गुनासोहरुको व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रयोग गरिनेछ ।

४. **उजुरी, गुनासो गर्न सक्नेः** (१) अनुदानग्राही वा लाभग्राहीले आयोजनासँग सम्बन्धित उजुरी वा सिकायत वा गुनासो देहाय अनुसार गर्न सक्नेछन्।

(क) मौखिक वा लिखित निवेदन दर्ता गरेर,

(ख) टेलिफोन, फ्याक्सबाट

(ग) इमेल, एस.एम.एस, आयोजनाको वेभसाइटको माध्यम वा समाजिक सन्जाल बाट,

(घ) हुलाक वा एक्स्प्रेस डेलिभरीबाट,

(ङ) उजुरी पेटिकाबाट,

(च) सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ आदि जस्ता नागरिकका निगरानीबाट प्राप्त पृष्ठपोषण र सुझावबाट।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी, सिकायत वा गुनासोलाई गुनासो सुन्ने अधिकारीले लिपिवद्ध गरी अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद -३

## गुनासो व्यवस्थापन सम्बन्धी प्रक्रियागत व्यवस्था

५. **गुनासो सम्बोधन प्रक्रियाः** अनुदानग्राही/ लाभग्राहीबाट प्राप्त गुनासोलाई गुनासो सुन्ने अधिकारीले गुनासो सम्बोधन गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नुपर्ने छ:

(क) प्राप्त हुन आएका गुनासोहरुलाई यथाशिघ्र दर्ता गरि दर्ता नम्बर सम्बन्धित सरोकारवालालाई उपलब्ध गराउने ।

(ख) लिखित गुनासो पेश गर्न नसक्ने सेवाग्राहीका हकमा मौखिक रुपमा समेत गुनासो सुन्ने र गुनासो सम्बन्धी फारामहरुमा आवश्यक विवरणहरु भर्ने र दर्ता गरि दर्ता नम्बर उपलब्ध गराउने कार्य गुनासो सुन्ने व्यक्तिको जिम्मेवारी रहने ।

(ग) गुनासो व्यवस्थापन प्रक्रियाको साथै गुनासोको सम्वन्धमा भएको निर्णय उपर गुनासोकर्ताले पुनरावेदन गर्नसक्ने सम्बन्धमा गुनासोकर्तालाई उचित जानकारी दिने।

(घ) यौन शोषण र दुरूपयोग तथा यौन दुर्व्यवहार र प्रभावीतहरूसँग कसरी सहानुभूतिपूर्वक र पूर्वाग्रहविहीन ढंगले अन्तर्क्रिया गर्ने, गोपनीयता र सुरक्षाको महत्व र प्रत्याभूति गर्ने तरिका, अवलम्बन् गर्नु पर्ने प्रक्रिया, विद्यमान प्रतिवेदन पद्धति, आँकडा तथा सूचना सङ्कलन गर्ने तरिका, कहिले र कसरी मुद्दाको किनारा गर्ने भन्ने बारेमा गुनासो सुन्ने संयन्त्र अधिकारीलाई प्रशिक्षित गर्ने ।

(ङ) सुसूचित सहमतिको सिद्धान्तको आधारमा यौन शोषण र दुरूपयोग तथा यौन दुर्व्यवहार प्रभावितको बारेमा कुनै पनि जानकारी, नाम गोप्य राखिएको हकमा पनि, प्रभावितले सहमति जनाएपछि मात्रै अन्यलाई उपलव्ध गराउने।

(च) विद्युतीय माध्यमबाट प्राप्त उजुरीको सोही माध्यमबाट सम्बोधन गर्ने व्यवस्था मिलाउने।

(छ) आवश्कता अनुसार गुनासो सम्बोधन प्रक्रियामा गुनासोकर्तालाई पनि सहभागि गराउने र गुनासो सम्बोधन भएको जानकारी गुनासो कर्तालाई तुरुन्त दिने।

(ज) गुनासो सम्बोधन प्रक्रियाका सम्बन्धमा स्थानजन्य परिस्थितिको विश्लेषण गरी औपचारिक वा अनौपचारिक माध्यम अवलम्बन गरी सम्बोधन गर्ने । यस शिलशिलामा आवश्यक देखिए वैकल्पिक विवाद समाधान प्रकृया समेत अवलम्वन गरी गर्न सकिने छ।

(झ) गुनासो सम्बोधन भए नभएको अनुसुची- १०.२ र १०.३ बमोजिम अभिलेख राखिने छ।

६. **गुनासो व्यवस्थापन रणनीति:** अनुदानग्राही/ लाभग्राहीबाट गरिएको गुनासो व्यवस्थापनका लागि यस आयोजनाले निम्न अनुसारको रणनीति अख्तियार गर्नेछ :-

(क) गुनासोको निरुपण गर्दा पारदर्शिता, स्वीकार्यता र निष्पक्षता कायम गरिने छ।

(ख) गुनासोलाई यथाशिघ्र सुनुवाई गरी निरुपण गरिनेछ।

(ग) नेपाल सरकार र विश्व बैंकबीच भएको सहयोग सम्झौता, आयोजनाको घोषित नीति, नियम, आयोजनाबाट तयार गरिएको वातावरणीय र सामाजिक अध्ययन प्रतिवेदन तथा सरोकार संलग्नता सम्वन्धि योजना का प्रावधान तथा आयोजना र अनुदानग्राही बीच भएको सम्झौताहरु गुनासो निरुपणका आधारहरु हुनेछन् ।

(घ) गुनासो निरुपण गर्न दफा १३ बमोजिम संयन्त्रको तहगत संरचना हुनेछ। गुनासो जुन तहको काम कारवाहीका सम्बन्धमा हो, सोही तहबाट शुरु कारवाही भई सुनुवाइ हुनेछ। गुनासोको सम्वन्धमा भएको निर्णय उपर गुनासोकर्ताले पुनरावेदनको आधारमा गुनासोलाई केन्द्रीय तह सम्म सुनुवाइको प्रबन्ध गरिनेछ। आयोजनाबाट भएको निर्णयमा चित्त नबुझेमा प्रचलित कानून बमोजिम अदालतबाट उपचार पाउने हक सुरक्षित रहने छ ।

(ङ) भ्रष्टाचार, बदनियत, अनुचित काम कारवाही, यौन दुर्व्यवहार तथा यौन हिंसा, मानव अधिकारको उल्लंघन गरिएको जस्ता गतिविधिहरुमा शुन्य सहनशिलताको नीति अपनाइने छ ।

(च) गुनासो पेश गर्दा कुनै शुल्क/दस्तुर लाग्ने छैन र गुनासो पेश गरकै आधारमा गुनासोकर्तालाई फरक व्यवहार गरिने छैन ।

## परिच्छेद -४

## गुनासो व्यवस्थापन संयन्त्र

७. **गुनासो पेश गर्न सकिनेः** आयोजना कार्यान्वयनको सिलसिलामा आयोजनाको नीति, निर्देशन समितिको निर्णय र प्रचलित कानुन विपरीत काम कारवाही भएको भनी सम्बन्धित सरोकारवालालाई लागेमा यस कार्यविधिको अनुसुची-१ मा तोकिएको निकाय वा अधिकारी समक्ष उजुरी निवेदन दिई गुनासो गर्न सकिनेछ।

८. **गुनासो पेश गर्ने ढाँचाः** (१) अनुदानग्राही/ लाभग्राहीले दफा ४ बमोजिमको कुनै माध्यम मार्फत गुनासो पेश गर्दा सम्बन्धित कार्यालयको गुनासो सुन्ने अधिकारी मार्फत पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको गुनासो उप-आयोजनाहरुको लागि उप-आयोजना गुनासो समाधान समितिको सम्वन्धित अधिकारीले अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश गरिने गुनासो आर्थिक करिडोर कार्यालयको लागि अनुसूची-३ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(४) अनुदानग्राही/लाभग्राहीले आफूलाई परेको मर्काको सम्बन्धमा आयोजना व्यवस्थापन इकाईमा अनुसूची-४ बमोजिमको ढाँचामा गुनासो पेश गर्नु पर्नेछ।

**९. बेनामी, असम्बन्धित उजुरी, गुनासो तथा झुठो उजुरी सम्बन्धी व्यवस्थाः** (१) बेनामी उजुरी पनि दर्ता गरिनेछ र आवश्यक छानविनको प्रकृयामा राखिनेछ । यदि आफ्नो कार्यालयको कार्यसँग सम्बन्धित नभई अन्य सरकारी निकाय वा कार्यालय प्रमुखको आचरणसँग सम्बन्धित रहेछ भने सो को विवरण माथिल्लो निकायमा पठाईने छ।

(२) झुट्टा रुपमा कसैलाई दुःख दिने नियतले उजुरी गरेमा प्रचलित कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायले कानून कार्यान्वयन गर्ने निकायमा लेखी पठाउने छ।

**१०. अभिलेखिकरण गरिनेः** (१) दफा ८ र ९ बमोजिम पर्न आएका गुनासो वा उजुरी र आयोजनाको अनुगमन वा आम संचार माध्यममा प्रकाशित वा प्रसारित समाचार सामग्री वा आयोजनाको वेभसाइट, इमेल, उजुरीपेटीका, टेलिफोन लगायत अन्य कुनैपनि माध्यमबाट प्राप्त हुन आएका गुनासोजन्य सूचनाहरुलाई पनि अनुसूची-५ बमोजिमको ढाँचामा गुनासोको रुपमा अभिलेखिकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको गुनासोहरुको गुनासो सुन्ने अधिकारीले उजुरी फार्म भर्ने लगायतका काममा आवश्यकता अनुसार सेवाग्राहीलाई सहयोग गर्न सक्नेछ ।

(३) गुनासो वा उजुरी विषयमा प्रारम्भिक छानवीन समेत गर्नुपर्ने भए यथाशीघ्र निर्णय गर्ने निकाय वा अधिकारी समक्ष जानकारी गराई निर्णयार्थ पेश गर्नु पर्नेछ। सो सम्बन्धी व्यहोरा सहितको विवरण आफू भन्दा माथिल्लो निकाय वा अधिकारीलाई उपलव्ध गराउनु गुनासो सुन्ने अधिकारीको कर्तव्य हुनेछ।

**११. गुनासो सुन्ने अधिकारीः** (१) आयोजनाको केन्द्रीय तहमा गुनासो सुन्ने अधिकारी आयोजना निर्देशकले, आर्थिक करिडोर कार्यालय तहमा करिडोर प्रमुखले र उप-आयोजनामा उपआयोजना प्रमुखले तोक्नु पर्नेछ।

(२) गुनासो सुन्ने अधिकारीले दफा १० बमोजिमको कामका अतिरिक्त समितिको सचिवको हैसियतले समितिको काममा सहयोग गर्ने, समितिबाट सम्पादन भएका काम कारवाहीको विवरण आफू भन्दा माथिल्लो निकाय वा अधिकारीलाई उपलव्ध गराउनु पर्नेछ।

**१२. गुनासोमा निर्णय गर्ने संयन्त्र र अधिकारीः** गुनासोको सुनुवाई गरी निर्णय गर्न देहाय बमोजिम तीन तहको समितिको व्यवस्था गरिएको छ :-

(क) पहिलो तह: छनौट भएका उप-आयोजनाहरुमा गुनासो सुनुवाई गर्न देहायका व्यक्तिहरु रहेको उप-आयोजना गुनासो समाधान समिति रहनेछ:-

(अ) प्रमुख, उप-आयोजनाको अध्यक्ष

(आ) सदस्य, आर्थिक करिडोर कार्यालय, प्राविधिक प्रतिनिधि

(इ) सदस्य-सचिव, गुनासो सुन्ने अधिकारी को रुपमा पनि कार्य गर्ने गरी तोकिएको उप-आयोजनाको सचिव

(ख) दोस्रो तह: यस आयोजनाको उप-आयोजनाहरुमा तहको गुनासो समाधान समितीको निर्णय उपर पुनरावेदन परेका वा आर्थिक करिडोर कार्यालय तहमा सोझै प्राप्त भएका गुनासोको सुनुवाई गर्न देहायका व्यक्तिहरु रहेको आर्थिक करिडोर गुनासो समाधान समिति रहनेछ :-

(अ) प्रमुख, आर्थिक करिडोर कार्यालय -संयोजक

(आ) प्रमुख वा प्रतिनिधि, उजुरी परेको जिल्ला हेर्ने कृषि ज्ञान केन्द्र -सदस्य

(इ) प्रमुख वा प्रतिनिधि , उजुरी परेको जिल्ला हेर्ने भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य

(ई) प्रमुख वा प्रतिनिधि, अनुदानग्राही उपआयोजना -सदस्य

(उ) गुनासो सुन्ने अधिकारी, आर्थिक करिडोर कार्यालय -सदस्य सचिव

(ग) तेस्रो तह: यस आयोजनाको आयोजना आर्थिक करिडोर तहको गुनासो समाधान समितको निर्णय उपर पुनरावेदन परेका गुनासो वा आफू समक्ष सोझै प्राप्त भएका उजुरी सुनुवाईको लागि केन्द्रीय गुनासो समाधान समिति मा देहाय बमोजिमको समिति रहनेछः-

(अ) सहसचिव, योजना तथा वैदेशिक सहायता समन्वय महाशाखा, मन्त्रालय- संयोजक

(आ) आयोजना निर्देशक, ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना-सदस्य

(इ) उप-सचिव (कानून), मन्त्रालय -सदस्य

(ई) गुनासो सम्बन्धीत उप-सचिव, मन्त्रालय -सदस्य

(उ) यौन शोषण र दुरूपयोग तथा यौन दुर्व्यवहार सुनुवाई फोकल व्यक्ति - सदस्य

(ऊ) गुनासो सुन्ने अधिकारी, आयोजना निर्देशकको कार्यालय -सदस्य सचिव

१३. **उजुरीको समाधानः** (१) दफा १२ बमोजिम गठित समितिले गुनासो व्यवस्थापनको लागि आफु समक्ष परेका उजुरीको समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गुनासो सुन्ने अधिकारीले गुनासो उपर निर्णय गर्नको लागि अनुसुची-५ बमोजिमको ढाँचामा तयार गरी निर्णयार्थको लागि सम्बन्धित समितिमा पेश गर्नुपर्ने छ ।

(३)  सर्वसम्मत हुन नसकेमा सो गुनासो/उजुरी निर्णयको लागि माथिल्लो समितिमा पठाउनु पर्नेछ।

(४)  केन्द्रीय गुनासो समाधान समितिमा सर्वसम्मती हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ।

(५)  गुनासो संयन्त्र अधिकारीले यौन शोषण र दुरूपयोग तथा यौन दुर्व्यवहारसम्बन्धी आरोपलाई ग्रहण गर्ने, सोको भरपाई दिनुको साथै आयोजनाले प्रभावित व्यक्तिलाई निजसंगको सल्लाह तथा सहमतिमा पहिले नै पहिचान गरेको र आयोजना स्थलवाट नजिकै उपलव्ध भएको यौन शोषण र दुरूपयोग तथा यौन दुर्व्यवहारसम्बन्धी सेवा प्रदायकमा[2] पठाउनेछ ।

